# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८३।०३।०८ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

राहदानी विभागबाट राहदानी छपाई सम्बन्धी कार्यका लागि आव्हान भएको Procurement of eMRTDs system including pre-enrolment, Data management and delivery system (Package1) (ICB No. DoP/G/ICB/०१/०८१/८२) तथा Procurement of eMRTDs booklet with personalization, quality control and packing system (Package II) (ICB NO. Dop/G/ICB/02/081/82) बोलपत्रको सुरूवाती चरणबाटै गम्भिर अनियमितता र भ्रष्टाचार गरेको भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा राष्ट्रसेवक पदाधिकारी/कर्मचारी र आपूर्तिकर्ता कम्पनीहरू M/S Muehlbauer ID Services GmbH तथा Veridos GmbH का प्रतिनिधिहरूको आपसी मिलेमतो, योजना र संलग्नतामा आफूहरूलाई गैरकानुनी लाभ र नेपाल सरकार/सार्वजनिक संस्था राहदानी विभाग समेतलाई गैरकानुनी हानिनोक्सानी पुऱ्याउने बदनियतले Muehlbauer ID Services GmbH र Veridos GmbH लाई नै ठेक्का दिनको लागि सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ लगायत प्रचलित कानुनको प्रतिकूल हुने गरी बोलपत्रका शर्त तथा मापदण्ड परिवर्तन गरे गराएको, स्वीकृत भइसकेको शर्त तथा मापदण्ड विपरीत हुने गरी बदनियतपूर्वक बोलपत्र मूल्याङ्कन गरे गराएको साथै, प्रचलित कानुन विपरीत बोलपत्रहरूको Technical evaluation र Financial Evaluation गरी गराई गलत सिफारिस तथा गलत निर्णय लगायतका कार्य गरी गराई उक्त बोलपत्रदाता कम्पनीहरू Muehlbauer ID Services GmbH र Veridos GmbH सँग सम्झौता गरी गराई आंशिक रकम समेत भुक्तानी लिई दिई राष्ट्रसेवक लगायत आपूर्तिकर्ता कम्पनीहरूलाई गैरकानुनी लाभ र नेपाल सरकार/सार्वजनिक संस्था राहदानी विभागलाई जम्मा रू.१०,१३,०४,६१,४७७।०१ (दश अरब तेह्र करोड चार लाख एकसठ्ठी हजार चार सय सतहत्तर रूपैयाँ एक पैसा) हानि पुऱ्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (घ), (घ२), (घ३), (घ९), (ङ), (च), (ञ) बमोजिमको कसुर गरे/गराएको पुष्टि हुन आएकोले देहायमा उल्लिखित राष्ट्रसेवक पदाधिकारी/कर्मचारी र आपूर्तिकर्ता कम्पनी एवं कम्पनीहरूका आधिकारीक प्रतिनिधिहरू समेतलाई प्रतिवादी बनाई देहायबमोजिम सजायको मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | राहदानी विभागका महानिर्देशक **तीर्थराज अर्याल,** निर्देशक | रू. १०,१३,०४,६१,४७७।०१ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (घ), (घ२), (घ३), (घ९), (ङ), (च), (ञ) बमोजिमको |

| | | | |
|---|---|---|---|
| | (सूचना प्रबिधि) **सुनिल कुमार के.सी.**, तत्कालीन निर्देशक **शत्रुध्वन प्रसाद शर्मा पोखरेल**, तत्कालीन निर्देशक **रविन्द्र राजभण्डारी**, तत्कालीन लेखा अधिकृत **तुलसी प्रसाद आचार्य**, कम्प्युटर इन्जिनियर **विपिन प्रसाई**, तत्कालीन शाखा अधिकृत **सोमेश थापा**, परराष्ट्र मन्त्रालयका तत्कालीन उपसचिव (कानून) **राजाराम दाहाल**, तत्कालीन उपसचिव (लेखा) **भेष प्रसाद भुर्तेल**, तत्कालीन उपसचिव (कानून) **पुस्करराज नेपाल** | | कसुरमा बिगो रू. दश अरव तेह्र करोड चार लाख एकसठ्ठी हजार चार सय सतहत्तर रूपैया एक पैसा कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी खर्च भएको देखिएको रकम रू.१८,४४,०८,८८७।१८ (अठार करोड चौवालीस लाख आठ हजार आठ सय सत्तासी रूपैया अठार पैसा) असुल उपर हुन एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना हुन,<br>प्रतिवादी तीर्थराज अर्यालले भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद २ (भ्रष्टाचारको कसुर र सजाय सम्बन्धी व्यवस्था) अन्तर्गतका माथि उल्लिखित मागदाबी बमोजिमको कसुर गरेको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय हुनसमेत मागदाबी लिइएको छ। |
| २. | Muehlbauer ID Services GmbH एवं उक्त कम्पनीका मुख्य भई कार्य गर्ने **Gerhard Maurer**, **Pavle Rakic** र **मणिन्द्र राज मल्ल** | रू. १,९०,६९,५७,०३२।६२ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २३ बमोजिमको प्रावधान बमोजिम सोही ऐनको दफा २२ बमोजिम लाभ प्राप्त गर्ने प्रकृतिको मतियारको कसुरमा सोही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (घ), (घ२), (घ३), (घ९), (ङ), (च), (ञ) र दफा २३क. बमोजिमको कसुरमा बिगो रू. एक अरव नब्बे करोड उनान्सत्तरी लाख सन्ताउन्न हजार बत्तिस रूपैया बसैठ्ठी पैसा कायम गरी मुख्य कसुरदारहरूलाई सोही ऐनको दफा ८ को |

| | | | |
|---|---|---|---|
| | | | उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना हुने सजायलाई आधार मानी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांशबमोजिम मुख्य कसूरदार सरह सजाय हुन, साथै प्रतिवादी कानुनी व्यक्ति Muehlbauer ID Services GmbH को हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २३क. समेत बमोजिम सजाय हुन मागदाबी लिइएको छ। |
| ३. | Veridos GmbH एवं उक्त कम्पनीका मुख्य भई कार्य गर्ने **Fabiola Bellersheim, Florian Pacquelin** र सिद्धार्थ थापा | रू.८,२२,३५,०४,४४४।३९ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २३ बमोजिमको प्रावधान बमोजिम सोही ऐनको दफा २२ बमोजिम लाभ प्राप्त गर्ने प्रकृतिको मतियारको कसुरमा सोही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (घ), (घ२), (घ३), (घ९), (ङ), (च), (ञ) र दफा २३क. बमोजिमको कसुरमा बिगो रू. आठ अरव बाईस करोड पैंत्तिस लाख चार हजार चार सय चौवालीस रूपैया उनान्चालीस पैसा कायम गरी मुख्य कसुरदारहरूलाई सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना हुने सजायलाई आधार मानी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मुख्य कसुरदार सरह सजाय गरी खर्च भएको देखिएको बिगो रकम रू.१८,४४,०८,८८७।१८ (अठार करोड चौवालीस लाख आठ हजार आठ सय सत्तासी रूपैया अठार पैसा) प्रतिवादीहरूबाट असुल उपर हुन, साथै, प्रतिवादी कानुनी व्यक्ति Veridos GmbH को हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २३क. समेत बमोजिम सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने